बैठक संख्या · ८६

आज मिति २०७७।०५।२२ गते सोमबार विहान ११:०० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १ श्री गुमानध्वज कुँवर | – अध्यक्ष | |
| २ श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष | |
| ३ श्री खीर बहादुर श्रेष्ठ | – सदस्य | |
| ४ श्री कृष्ण कुमार कार्की | – सदस्य | |
| ५ श्री ज्ञान वहादुर तामाङ | – सदस्य | |
| ६ श्री लोक बहादुर कुँवर | – सदस्य | |
| ७ श्री अञ्चल कुमार लामा | – सदस्य | |
| ८ श्री भरत बहादुर शिवभक्ती | – सदस्य | |
| ९ श्री रमेश राज खरेल | – सदस्य | |
| १० श्री मोतिलाल तामाङ | – सदस्य | |
| ११ श्री दल बहादुर तामाङ | – सदस्य | |
| १२ श्री चित्र बहादुर तामाङ | – सदस्य | |
| १३ श्री माया तामाङ | – सदस्य | माया |
| १४ श्री सानुमाया पहरी | – सदस्य | सानुमाया |
| १५ श्री उर्मिला वि. क. बराइली | – सदस्य | |
| १६ श्री सावित्रा अछामी | – सदस्य | |
| १७ श्री बालकृष्ण पहरी | – सदस्य | |
| १८ श्री शंकर नेपाली | – सदस्य | |
| १९ श्री मदन कुमार बजगाँई | – सदस्य सचिव | |

Scanned with CamScanner

प्रस्तावहरु

१ एम्बुलेन्स खरिद सम्बन्धमा ।

२ हेभी उपकरण संचालन कार्यविधि सम्बन्धमा ।

३ मर्मत सम्भारकोष संचालन कार्यविधि सम्बन्धमा ।

४ पर्यटन उपज साझेदारी कार्यक्रम सम्बन्धमा ।

५ बजेट कार्यान्वयन कार्ययोजना सम्बन्धमा ।

६ महालेखा परिक्षकको प्रतिवेदन सम्बन्धमा ।

७ कोभिड १९ को नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।

८ गाउँपालिका तथा वडा कार्यालयको सेवा संचालन सम्बन्धमा ।

९ जिल्ला समन्वय समितिको पत्रसम्बन्धमा ।

१० प्राविधिक कर्मचारी पदपुर्ति सम्बन्धमा ।

११ कर्मचारीहरुको हाजिर प्रमाणित गर्ने सम्बन्धमा ।

निर्णयहरुः

१ कोभिड १९ को महामारीको समयमा स्वास्थ्य सेवा विस्तार गर्नको यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत कार्यक्रम अनुरुप गाउँपालिकाको लागि भन्सार छुटमा एम्बुलेन्स खरिद गर्न सिफारिस उपलब्ध गराउन जिल्ला एम्बुलेन्स समिति काभ्रेपलाञ्चोक समक्ष पेश गर्ने निर्णय गरियो।

२ भुम्लु गाउँपालिका हेभी उपकरण संचालन कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो।

३ भुम्लु गाउँपालिका मर्मत सम्भारकोष संचालन कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

४ नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय को मिति २०७७/०५/०२ को सुचना अनुसार आव्हान भए बमोजिम पर्यटन उपज साझेदारी कार्यक्रमका लागि तपशिल बमोजिमको कार्यक्रम प्रस्तावित गर्ने निर्णय गरियो ।

तपशिल

क. भिमसेनस्थान गढीडाँडा साँगासोती पुर्वाधार विकास

ख. दोलालघाट नम्बरीडाँडा पलाञ्चोक पदमार्ग

ग. कोलाँती देविस्थान पुर्वाधार विकास

घ. सिङगोन सँघ छोइलिङ गुम्बा

ङ. पेमा छोर्देलिङ गुम्बा पुर्वाधार निर्माण

Scanned with CamScanner

५ यस गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को बजेट कार्यान्वयनका सम्बन्धमा यस कार्यान्वयनको विधि र समयसिमा समेतको प्रस्ताव गाउँपालिकाको कार्यालय समक्ष पेश गर्न जिम्मेवारी तोक्ने निर्णय गरियो ।

६ यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आर्थिक कारोबारहरुको सम्बन्धमा महालेखा परिक्षकको अन्तिम प्रतिवेदनको सम्बन्धमा बैठकमा जानकारी लिइ सो को तुरुन्तै कार्यान्वयन गर्ने निर्णय गरियो ।

७ कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

८ मिति २०७७।०५।२३ गते देखि यस गाउँपालिका तथा वडा कार्यालयहरुबाट अत्यावश्यक सेवाहरु सुचारु गर्ने निर्णय गरियो ।

९ प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको मिति २०७७।०५।०३ को च.नं. ६५ को पत्र अनुसार यस गाउँपालिकाको उपाध्यक्षले मिति २०७७।०४।२२ गते सार्वजनिक मिडिया "सबैको समाचार डट" मा दिएको अभिव्यक्तिको सम्बन्धमा के कसो भएको हो खुलाई पठाइदिन अनुरोध भएकोमा सो सम्बन्धमा छानविन तथा अध्ययन गरी २०७७ असोज मसान्तसम्म गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न तपशिल बमोजिम समिति गठन गरी कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो। साथै उक्त प्रतिवेदन प्राप्त भएपछि उक्त पत्र अनुसारको विवरण खुलाई पठाउने समेत निर्णय गरियो ।

संयोजक - कल्पना कुमारी श्रेष्ठ- गाउँपालिका उपाध्यक्ष

सदस्य - रमेशराज खरेल – वडा अध्यक्ष

सदस्य - मोतिलाल तामाङ- वडा अध्यक्ष

१० यस गाउँपालिकामा रिक्त तपशिल बमोजिमका दरबन्दीहरुमा खुला प्रतियोगिताबाट पदपुर्ति गर्ने निर्णय गरियो ।

पदः सब इन्जिनियर (सिभिल)

संख्याः २

११ यस गाउँपालिका अन्तरगतका वडा कार्यायहरुका कर्मचारीहरुको महिना समाप्त भए पश्चात वडा अध्यक्षबाट हाजिर प्रमाणित गरी प्रत्येक महिनाको २ गतेभित्र पेश गर्न वडा समिति तथा वडा कार्यालयलाई निर्देशन दिई लागु गर्ने निर्णय गरियो ।

Scanned with CamScanner